नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :

च.नं. :

मितिः २०८२/११/०१, ०२:०० बजे

## प्रेस विज्ञप्ति

यहिं आउँदो मिति २०८२/११/२१ (५ मार्च, २०२६) मा हुन लागेको आम निर्वाचनको समयको मौसमको अवस्था सम्बन्धमा धेरै जिज्ञासा प्राप्त हुन आएकोमा यस विभागको ध्यानाकर्षण भएको छ। यस विभागले नियमित रुपमा दैनिक तीन दिन सम्मको मौसम पूर्वानुमान तथा विशेष परिस्थितिमा ५ देखि ७ दिन सम्मको मौसम पूर्वानुमान प्रदान गर्ने गरेको सर्वविदितै छ। आउँदो निर्वाचनलाई मध्यनजर गरि एक महिना अगावै दैनिक मौसम पूर्वानुमान गर्न वैज्ञानिक रुपले संभव नभएकोले उक्त समयको लागि विभिन्न विश्वव्यापी प्रारुपहरु (Global climate models) को आधारमा प्राप्त मासिक पूर्वानुमान अनुरुप फेब्रुअरी महिनामा वर्षा सरदर भन्दा कम हुने र मार्च महिनामा वर्षा सरदर हुने तथा फेब्रुअरी र मार्च दुवै महिनामा तापक्रम सरदर भन्दा बढी हुने संभावना देखिएको छ।

यस विभागले निर्वाचनको समयमा हुन सक्ने मौसमी अवस्थाको सम्वन्धमा विशेष बुलेटिन मार्फत मौसम पूर्वानुमान अध्यावधिक गर्दै जाने व्यहोरा जानकारी गराईन्छ। तसर्थ, सबै सरोकारवाला निकायहरू तथा आमसर्वसाधारणलाई यस विभागको वेभसाइट, सामाजिक सञ्जाल लगायतका माध्यमबाट मौसमको अध्यावधिक जानकारी लिनु हुन सबैमा अनुरोध छ।

<u>वेभसाइट तथा सामाजिक सञ्जालहरू</u>

Website: https://www.dhm.gov.np/

Website: https://dhm.gov.np/mfd/

Facebook Page: https://www.facebook.com/mfd.nepal.5

X Page: https://x.com/DHM_Weather

विभुति पोखरेल

प्रवक्ता

बबरमहल, काठमाडौं ☎ ०१४२११०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१२५८२७६, ०१४२१५१३१ फ्याक्सः ०१४२६४२१९, पो.ब.नं. ४०६

ईमेलः dg@dhm.gov.np वेबः www.dhm.gov.np